फोन नं.: ०८२-५२०२३३
दमकल ५२०३०५
५२०३२६
५२२०३६

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
### ५ नं.प्रदेश, नेपाल

पत्रसङ्ख्या :-
चलानी नं. :- ३२८८ O/C

मिति : २०७५/११/२९

श्री तुलसीपुर उप-महानगरपालिका,

नगर कार्यपालिकाको कर्यालका, तुलसीपुर दाङ

वडां न.१ देखी १९ सम्म(सबै) ।

प्रस्तुत बिषयमा रोजगारीको हकसम्वन्धी ऐन, २०७५ को दफा ११,रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यकम संचालन निर्देशिका, २०७५ को दफा १८ वमोजिम व्यवस्था गरिएको प्रधानमन्त्री रोजगार कार्यकम कार्यन्वयनका लागि श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयबाट प्रकाशित सूचना र निवेदन यसै पत्रसाथ संलग्न रहेको छ । तहाँ वडामा स्थायीरुपमा बसोबास गरी रहेका १८ देखी ५९ वर्ष उमेर समूहका वेरोजगार व्यक्तिवाट निवेदन आह्वान गर्न वडा कार्यालयमा सूचना पाटीमा टाँस गर्नुका साथै सहजीकरणको लाग लागि समेत अनुरोध छ ।

थप जानकारीका लागि तुलसीपुर उप-महानगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

भागवत घिमिरे .
(रोजगार संयोजक)

**बोधार्थ :**

श्रम , रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय

सिंहदरवार काठमाण्डौ।

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रमको

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६।७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(निवेदनको ढाँचा अर्को पेजमा पनि उपलब्ध छ ।)

**अनुसूची १**

**(दफा १८ को उपदफा (१) सँग सम्वन्धित)**

## बेरोजगार दर्ताका लागि दिने निवेदन

**श्री .....नं. वडा कार्यालय,** मिति :

**.................... गाउँपालिका/नगरपालिका, जिल्ला.............**

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित रोजगारी पाउनको लागि अनुरोध गर्दै यो निवेदन पेश गरेको छु ।

१. नाम, थर :

२. स्थायी ठेगाना :..............................न.पा./गा.पा. वडा नं...............................

३. अस्थायी ठेगाना : ............................ न.पा./गा.पा. वडा नं.............................

४. नागरिकता नं./राष्ट्रिय परिचयपत्र नं. र जारी भएको जिल्ला .......................................

५. परिवारको सदस्य संख्या र रोजगारीको अवस्था (निवेदक सहित)

| नाम | निवेदकसँगको नाता | जन्म मिति | योग्यता | सीप | रोजगारीको अवस्था | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| | (निवेदक) | | | | | |
| | | | | | | |
| | | | | | | |

६. वार्षिक पारिवारिक आय : रु.................... (अक्षरेपी ............................)

७. शैक्षिक योग्यता :

८. आफूले हासिल गरेको सीप/तालीमको विवरण :

९. कामको अनुभव : ....................................................

१०. काम गर्न चाहेको क्षेत्र : ....................... (वन, कृषि, निर्माण, अन्य .......)

११. काममा खटिन चाहेको सम्भावित समय ....................देखि.................... सम्म

१२. काम गर्न चाहेको ठाउँ ..............................................

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउला भनी सहिछाप गर्ने ।

निवेदकको सही मिति :